# पशु क्वारेन्टाइन कार्यालय, गङ्गाचौकीको त्रैमासिक बुलेटिन (दोश्रो त्रैमासिक)


## क्वारेन्टाइन बुलेटिन

Visit our website via QR code Scan


बाह्य मुलुकबाट आयात गरिएका पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीमा कुनै संक्रामक रोग लागेको छ वा छैन भनि एकिन गर्न तोकिएको ठाउँमा तोकिएको अवधिसम्म राखी जाच्ने प्रक्रियालाई क्वारेन्टाइन भनिन्छ। पशु रोगहरुको संख्या र प्रकोप बढ्दै जानुको एउटा प्रमुख कारण पशुपन्छीजन्य उत्पादनको अबैध आवतजावतलाई लिन सकिन्छ। बाह्य मुलुकबाट भित्रिनसक्ने साथै देशभित्र फैलिनसक्ने, संक्रामक रोगहरुलाई समयमै नियन्त्रण गर्न र कृषि पेशामा संलग्न कृषक व्यावसायीहरुलाई बढी लाभदायक बनाउन पशु क्वारेन्टाइनको महत्वपूर्ण भूमिका रहन्छ। नेपालको सन्दर्भमा १९६० को दशकमा गौगोटी रोगको महामारी फैलिदा पशु क्वारेन्टाइनको महत्वलाई आवश्यक ठानी तराई क्षेत्रवाट पहाडतर्फ रोग नफैलियोस भन्ने उद्धेश्यले चारवटा क्वारेन्टाइन चेकपोष्टहरुको स्थापना भएको थियो। नेपाल कृषि प्रधान मुलुक भएको हुँदा नेपालको कुल ग्राहस्थ्य उत्पादनमा पशुपालनको क्षेत्रको उल्लेखनिय योगदान रहेको छ। तसर्थ यस व्यावसायमा देखा परेका समस्याहरुलाई कम गरी यस पेशालाई आर्थिक दृष्टिकोणले अझ बढी फलदायी बनाउन सके व्यावसायीक कृषकहरुको आम्दानी बढी देशकै अर्थतन्त्रमा सुधार हुने देखिन्छ।

आ.व. २०८२/८३ को सुरुवाती सँगै पहिलो त्रैमासिकमा भए गरेका कामहरुलाई निरन्तरता दिदैं दोस्रो त्रैमासिकमा अझै प्रभावकारी ढंगले कार्यक्रमहरु सम्पन्न गरीयो। आ.व. २०८२/८३ को वार्षिक कार्यक्रममा सिमावर्ति क्षेत्रका सर्वसाधारणमा क्वारेन्टाइनको काम, कर्तव्य र अधिकारका साथै जुनोटिक रोगहरुका बारेमा जानकारी गराउने उद्धेश्यका साथ स्कुल शिक्षा कार्यक्रम सम्पन्न गरीयो। कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिवको टोली सहित दार्चुला जिल्लाका प्रमुख जिल्ला अधिकारीसँगको समन्वयमा दार्चुलामा सरोकारवाला निकायहरुसँग अवैध रुपले क्वारेन्टाइनको बाटो छलि भित्रिन सक्ने पशुपन्छीजन्य पदार्थहरुको नियन्त्रणका लागी आवश्यक छलफल गरीयो । यसका साथै अन्य कार्यहरु प्रभावकारी ढंगले सम्पन्न गरीयो। कृषि क्षेत्रमा नँया नँया रोगहरु देखा पर्ने क्रम तिव्र भएसँगै पशुपन्छीबाट मानिसमा सर्ने जुनोटिक रोगहरुको संख्यामा समेत वृद्धि हुदै आएको छ। सामान्य अर्थमा भन्दा मेरुदण्ड भएका पशु र मानिसहरुका विच प्राकृतिक रुपमा नै सर्न सक्ने रोगहरुलाई जुनोटिक रोग भनिन्छ । जुनोटिक रोगहरु मध्य सिमावर्ति क्षेत्रमा अति संवेदनशिल जुन पशुहरुको ओसारपसार संगै भित्रिन सक्ने घोडा जातिमा देखा पर्ने ग्ल्यान्डर्स र पन्छीहरुमा देखा पर्ने बर्ड फ्लु रोगको बारेमा संक्षिप्त जानकारी तल उल्लेख गरीएको छ। साथै यस कार्यालय र अन्तगर्तका चेकपोष्टहरुबाट दोस्रो त्रैमासिकमा आयातित पशुजन्य पदार्थ र नष्ट सम्बन्धी विवरण चित्र मार्फत तल उल्लेख गरीएको छ ।


### पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरुको आयात विवरण





आ. व. २०८२/८३ को दोश्रो त्रैमासिक अवधिसम्म पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको निर्यात यस कार्यालय मातहतबाट शून्य रहेको छ।




### अबैध पैठारी भएका पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री नस्ट विवरण:



# क्वारेन्टाइन बुलेटिन

## ग्ल्यान्डर्स (Glanders)

यो रोग बुर्खोल्डेरिया म्याली नामक जीवाणुको कारण विशेष गरी अश्व प्रजातिका पशुमा देखा पर्ने श्वासप्रश्वास सम्बन्धी संकामक र प्राणघातक जुनोटिक रोग हो। कहिलेकाहीं भेडाँ, बाख्रा, उँट, कुकुर तथा बिरालो पनि यो रोगबाट प्रभावित हुन सक्छन। संक्रमित मासु खादाँ बाघ, चितुवा जस्ता मांसाहारी जनावर समेत प्रभावित हुन सक्छन। नेपालमा पहिलोपटक यस रोगको पुष्टि २०७८ सालमा भएको थियो। यस रोगका जिवाणुहरु संक्रमित पशुसँगको लसपस, दूषित दानापानी, छालामा भएको घाउ आदीको माध्यमबाट सर्ने गर्दछ।


**लक्षणहरु:**

उच्च ज्वरो आउनुका साथै नाक र आखाँबाट तरल पदार्थ बग्ने, खोकिरहने र श्वास फेर्न गाह्रो हुने, पछाडीको खुट्टाको मध्य जोर्निसम्म सुन्निने, लिम्फ ग्रन्थिका नलिहरु सुन्निने, छालामा गिर्खाहरु देखिने साथै श्वासप्रश्वास नलिको माथिल्लो भागको भित्तामा स-साना कोदोको दाना जस्ता गिर्खाहरु देखिने हुन्छ।




**मानिसमा:**

ज्वरो आउने, काप्ने, पसिना आउने, टाउको दुख्ने, छाती दुख्ने, मासंपेशी दुख्ने तथा कडा हुने, नाकबाट पानी बग्ने, उज्यालोमा हेर्न गार्हो भइ आँखाबाट आसु झर्ने इत्यादी ।



**उपचार तथा रोकथामका उपायहरु:**

- पशु चिकित्सकको सल्लाह बमोजिम एन्टिबायोटिकको प्रयोग गर्ने
- संक्रमित पशुहरुलाई मानविय तवरले नष्ट गर्ने
- मरेको पशुलाई राम्रोसँग गाड्ने
- संक्रमित तवेला वा क्षेत्रलाई राम्रोसँग नि:संक्रमण गर्ने
- नँया पशुलाई तुरुन्त बथानमा नमिसाउने ।

## बर्ड फ्लू (Bird Flu)

यो रोग अर्थोमिक्जोभाइरिडि समूहको इन्फ्लुएन्जा ए नामक विषाणुका कारण पन्छीहरुमा लाग्ने संक्रामक र जुनोटिक रोग हो । चराहरुमा यस रोगको पहिचान सर्वप्रथम सन् १८७८ मा इटलिमा भएको थियो। सन् १९९७ मा हङकङमा सर्वप्रथम मानिसमा बर्ड फ्लुको H5N1 प्रजातिको संक्रमणबाट मानिसहरुको मृत्यु पछि यो रोग चर्चामा आएको हो ।नेपालमा सर्वप्रथम २०६५ माघ १० गते मेचिनगर नगरपालिका १० झापामा यस रोगको पुष्टि भएको थियो । सन् २०१९ मा नेपालमा पहिलोपटक बर्ड फ्लुको H5N1 को संक्रमणबाट एक जना मानिसको समेत मृत्यु भएको थियो।यो रोगका जिवाणुहरु संक्रमित पन्छीसँगको प्रत्यक्ष सम्पर्कबाट, र्याल, सिगाँन, खकार, संक्रमित दानापानी, संक्रमित खोरमा गएर आएका मानिस वा गाडी तथा संक्रमित जङ्गलि चरा आदिको माध्यमबाट सर्ने गर्दछ ।

**लक्षणहरु:**

तीक्ष्ण अवस्थामा रोगको कुनै लक्षण नदेखाई केहि घण्टा भित्रमा शत प्रतिशत कुखुराहरु मर्न सक्ने, श्वासप्रश्वास सम्बन्धी गम्भिर लक्षणहरु देखिने, टाउको, सिउर र लोती निलो हुने, खुट्टामा रक्तश्रावहरु देखिने, पक्षघात देखिने इत्यादी ।




**उपचार तथा रोकथामका उपायहरु:**

- विषाणुको कारण लाग्ने रोग भएकाले खास उपचार छैन। त्यसकारण रोकथाममा जोड दिनु नै उचित विकल्प हो ।
- खोरलाई तारजालिले बार्ने र बेला बेलामा नि:संक्रमण गर्ने
- मरेका पन्छीहरु जथाभावी नफाली राम्रोसँग गाडीदिने
- नियमित रुपले खोपको प्रयोग गर्ने ।

**सम्पादक मण्डल:**
डा. अरुण खनाल, पशु चिकित्सक
प्रविन खाती, पशु स्वास्थ्य प्राविधिक

कार्यालय:-०९९-४०२१३३ प्रमुख:-९८५८७७७१३२ सूचना अधिकारी:-९८५८७७७१३३ गड्डाचौकी चेकपोस्ट:-९८५८७८७१३४ धनगढी चेकपोस्ट :- ९८५८७८७१३६ बेलौरी चेकपोस्ट:-९८५८७८७१३५ दार्चुला चेकपोस्ट:९८५८७८७१३७
इमेल:- animalquarentinekanchanpur@gmail.com , aqogaddachauki@gmail.com